आज मिति २०७९ साल साउन ०१ गते आइतबारका दिन यस साँफेबगर नगरपालिकाका नगर प्रमुख श्री राजेन्द्र बहादुर कुँवरज्यूको अध्यक्षतामा आ.व.२०७९/८० को दोस्रो कार्यपालिकाको प्रथम बैठक देहाय बमोजिमको उपस्थितीमा बसी निम्नानुसारका प्रस्तावहरु माथि छलफल गरी निर्णय पारित गरियो ।

उपस्थिती:

| क्र.सं. | नाम, थर | पद | सम्पर्क नं. | दस्तखत |
|---|---|---|---|---|
| १. | श्री राजेन्द्र बहादुर कुँवर | अध्यक्ष एवं नगर प्रमुख | ९८४८६४९०२३ | |
| २. | श्री शिव बहादुर कुँवर | सदस्य एवं नगर उप-प्रमुख | ९८५११५२८३९ | |
| ३. | श्री नन्द बहादुर ठकुल्ला | सदस्य एवं वडा अध्यक्ष वडा नं.-१ | ९८६५७६९२२४ | |
| ४. | श्री सेत बहादुर कुँवर | सदस्य एवं वडा अध्यक्ष वडा नं.-२ | ९८४९७८७४३९ | |
| ५. | श्री कुल बहादुर कुँवर | सदस्य एवं वडा अध्यक्ष वडा नं.-३ | ९८६४८१७४८५ | |
| ६. | श्री नवराज बुढा | सदस्य एवं वडा अध्यक्ष वडा नं.-४ | ९८४८५५२३१८ | |
| ७. | श्री मक्कर बहादुर कुँवर | सदस्य एवं वडा अध्यक्ष वडा नं.-५ | ९८४८६०४९७२ | |
| ८. | श्री मिन बहादुर बोहरा | सदस्य एवं वडा अध्यक्ष वडा नं.-६ | ९८४८६५३३८२ | |
| ९. | श्री हिक्मत कडायत | सदस्य एवं वडा अध्यक्ष वडा नं.-७ | ९८६८४३६७५९ | |
| १०. | श्री कालु सिंह कुँवर | सदस्य एवं वडा अध्यक्ष वडा नं.-८ | ९८४४६७९८७८ | |
| ११. | श्री दिपक कुँवर | सदस्य एवं वडा अध्यक्ष वडा नं.-९ | ९८४८६४९२२० | |
| १२. | श्री ललित बोगटी | सदस्य एवं वडा अध्यक्ष वडा नं.-१० | ९८४८५५६००९ | |
| १३. | श्री राम बहादुर बोहरा | सदस्य एवं वडा अध्यक्ष वडा नं.-११ | ९८५१२४६२११ | |
| १४. | श्री जनक बहादुर कडायत | सदस्य एवं वडा अध्यक्ष वडा नं.-१२ | ९८६८४४९३१७ | |
| १५. | श्री रुप बहादुर कुँवर | सदस्य एवं वडा अध्यक्ष वडा नं.-१३ | ९८६५८७९१५८ | |
| १६. | श्री सन्जु थापा | सदस्य एवं वडा अध्यक्ष वडा नं.-१४ | ९८४८४१०३४५ | |
| १७. | श्री उमा उपाध्याय | सदस्य | ९८४०२९५९२१ | उमा |
| १८. | श्री बिनोद बहादुर भुल | सदस्य | ९८६९९१६९६२ | |
| १९. | श्री मुकेश मिजार | सदस्य | ९८४८५७८३१२ | |
| २०. | श्री मिना के.सी. | सदस्य | ९८४८५९९१५८ | |
| २१. | श्रीमती बिष्णा कुँवर | सदस्य | ९८६५५७९०४३ | बिस्ना |
| २२. | श्री राधा देवी साउँद | सदस्य | ९७४४२८६११३ | राधा |
| २३. | श्री अनिल परियार | सदस्य | ९८६५८४२४८९ | |
| २४. | श्री देवसरा साउद (थापा) | सदस्य | ९८६४४८६११७ | |
| २५. | श्री लक्ष्मी प्रसाद शर्मा | सचिव नि.प्र.प्र.अ. | ९८५८४३०१११ | |

आमन्त्रित:

| | | | | |
|---|---|---|---|---|
| १. | श्री लाल बहादुर कुँवर | का.वा.वडा अध्यक्ष वडा नं. ९ | ९८६४४३८८३३ | |
| २. | श्री नृप विश्वकर्मा | कानुन शाखा उ.प्र. | ९८४८३०४९२० | |

प्रस्तावहरुः

१। रिपोर्टिङ

२। एम.आई.एस. अपरेटर र फिल्ड सहायकको करार सम्झौता सम्बन्धमा ।

३। स्थानीय तह सामाजिक सुरक्षा भत्ता वितरण बैंकिङ्ग समस्या समाधान तथा सहजीकरण समिति गठन सम्बन्धमा ।

४। करार कर्मचारीहरुको करार सम्झौता सम्बन्धमा ।

५। आन्तरिक स्रोत तर्फका योजनाहरु (आ.व. २०७८/०७९ मा कार्य सम्पन्न भई भुक्तानी गर्न नसकिएको)आ.व. २०७९/०८० मा कार्यान्वियन गर्ने गराउने सम्बन्धमा ।

६। रोजगार सहायकको पदपूर्ती तथा छनौट समिति गठन सम्बन्धमा ।

७। सार्वजनिक सुनुवाई सम्बन्धमा ।

८। शिक्षा समितिको मिति २०७९/०३/३० गते सम्पन्न बैठकको निर्णय अनुमोदन सम्बन्धमा ।

९। कालिका मा.वि. पातलकोट कक्षा ११ सञ्चालन अनुमती प्रदान गर्ने सम्बन्धमा ।

१०।ढुंगा गिट्टी बालुवाको उत्खनन सम्बन्धमा ।

११।उर्जा विकास उप-समिति गठन गर्ने सम्बन्धमा ।

१२।सहरी विकास मन्त्रालयमा विकास निर्माण आयोजना माग गर्ने सम्बन्धमा।

१३।सडक विभागमा पक्की पुल निर्माण आयोजना माग गर्ने सम्बन्धमा ।

१४।विविध ।

निर्णयहरुः

**निर्णय नं. १**

प्रस्ताव नं. १ माथि छलफल गर्दा यस साँफेबगर नगरपालिका अन्तर्गतका १४ वटै वडाको पछिल्लो अवस्थाका बारेमा सम्बन्धित वडा अध्यक्षबाट रिपोर्टिङ कार्य भई वडा तहमा कार्य सञ्चालनार्थ देखिएका कमी कमजोरी, आइपरेका समस्या तथा तीनको समाधानका लागि अपनाईएका उपायहरुको बारेमा भएको प्रस्तुती पश्चात नगर प्रमुख एवं अध्यक्ष ज्यूबाट समसामयिक विषयवस्तुमाथिको संक्षिप्त रिपोर्ट प्रस्तुतीकरणका साथ रिपोर्टिङ कार्य सम्पन्न गरियो ।

निर्णय नं. २

प्रस्ताव नं. २ माथि छलफल गर्दाराष्ट्रिय परिचय पत्र तथा पञ्जिकरण विभाग अन्तर्गत यस साँफेबगर नगरपालिकाको सामाजिक सुरक्षा तथा पञ्जिकरण शाखामा करारमा कार्यरत एम.आई.एस. अपरेटर र फिल्ड सहायकको करार सम्झौताको म्याद २०७९ असार मसान्तमा समाप्त भएकोले-निजहरुको करार सम्झौताको म्याद २०७९ श्रावण १ गते देखि लागू हुने गरी २०७९ साल पौष मसान्त सम्म (६महिना) का लागि थप गर्ने सर्वसम्मत निर्णय पारित गरियो।

**निर्णय नं. ३**

प्रस्ताव नं. ३ माथि छलफल गर्दायस साँफेबगर नगरपालिका अन्तर्गत विभिन्न लक्षित समूहका लाभग्राहीहरुलाई वितरण गरिदैं आएको सामाजिक सुरक्षा भत्ता रकम बैंक मार्फत वितरण गर्दा देखा परेका समस्या समाधान गर्न तपसिल बमोजिम सामाजिक सुरक्षा भत्ता वितरण बैंकिङ समस्या समाधान तथा सहजीकरण समिति देहाय बमोजिम गठन गर्ने सर्वसम्मत निर्णय पारित गरियो ।

तपसिलः

संयोजक – प्रमुख प्रशासकीय अधिकृत श्री लक्ष्मी प्रसाद शर्मा

सदस्य – सम्बन्धित बैंकका शाखा प्रबन्धकहरु(६ वटा )

सदस्य- श्री रुप बहादुर कुँवर वडा अध्यक्ष वडा नं. १३

सदस्य – श्री मिना के.सी. कार्यपालिका सदस्य साँफेबगर न.पा. ०७

सदस्य – जिल्ला प्रशासन कार्यालय अछाम प्रतिनिधी

सदस्य – कोष तथा लेखा कार्यालय अछाम प्रतिनिधी

सदस्य सचिव- सामाजिक सुरक्षा तथा पञ्जिकरण शाखा प्रमुख श्री देवसरा कुमारी थापा

निर्णय नं. ४

प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस साँफेबगर नगरपालिका वा अन्तर्गत करारमा कार्यरत कर्मचारीहरुको करार सम्झौताको म्याद २०७९ असार मसान्तमा समाप्त भएकोले नेपाल सरकारको सशर्त अनुदान तथा प्रदेश सरकारको अनुदान अन्तर्गतका कर्मचारीहरुको स्रोतको सुनिश्चितताको आधारमा करार सम्झौताको म्याद थप गर्ने र अन्य करार कर्मचारीहरुको सम्झौताको म्याद २०७९ श्रावण मसान्त सम्मका लागि थप गर्ने तथा नगरपालिकालाई आवश्यक पर्ने जनशक्तिको लागि अध्ययन गर्न यही श्रावण महिनाभित्र साँफेबगर नगरपालिकाको संगठन संरचना (O&M) अध्ययन, सर्भेक्षण कार्य सम्पन्न गर्ने र उक्त अध्ययन, सर्भेक्षणको प्रतिवेदनको आधारमा नगरपालिकालाई आवश्यक पर्ने जनशक्ति व्यवस्थापन गर्न साँफेबगर नगरपालिका नगर कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने सर्वसम्मत निर्णय पारित गरियो ।

निर्णय नं. ५

प्रस्ताव नं. ५ माथि छलफल गर्दा यस साँफेबगर नगरपालिकाको आ.व. २०७८/०७९ को बार्षिक कार्यक्रम अन्तर्गत आन्तरिक स्रोत तर्फका योजनाहरुको निर्माण कार्य सम्पन्न भएतापनि स्रोत अभावका कारण ती योजनाहरुको भुक्तानी गर्न नसकीएकोमा आ.व. २०७८/०७९ को बजेटबाट अ.ल्या. भई जिम्वारी आउने रकमका आधारमा यस आ.व. २०७९/०८० मा भुक्तानी दिन साँफेबगर नगरपालिका नगर कार्यपालिकाको कार्यालयलाई दिने सर्वसम्मत निर्णय पारित गरियो ।

निर्णय नं. ६

प्रस्ताव नं. ६ माथि छलफल गर्दा यस साँफेबगर नगरपालिकामा सञ्चालित प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत रोजगार सेवा इकाईमा रिक्त रोजगार सहायक (पाँचौं तह) को पदपूर्ति प्रक्रिया अघि बढाउन साँफेबगर नगर कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने र सोको लागि तपसिल बमोजिम छनौट समिति गठन गर्ने सर्वसम्मत निर्णय पारित गरियो ।

तपसिलः

संयोजक – प्रमुख प्रशासकीय अधिकृत श्री लक्ष्मी प्रसाद शर्मा

सदस्य – विषय विज्ञ सूचना प्रविधि अधिकृत श्री अम्बर बहादुर बोहरा

सदस्य सचिव- रोजगार संयोजक श्री आशा कुमारी चौधरी

निर्णय नं. ७

प्रस्ताव नं. ७ माथि छलफल गर्दा यस साँफेबगर नगरपालिका अन्तर्गतका १४ वटै वडाहरुको आ.व. २०७८/०७९ को सार्जनिक सुनुवाई कार्यक्रम २०७९ साल श्रावण मसान्त भित्र सम्पन्न गर्ने र नगरपालिकाको सार्वजनिक सुनुवाई २०७९ साल भदौ मसान्त भित्र सम्पन्न गर्ने सर्वसम्मत निर्णय पारित गरियो ।

निर्णय नं. ८

प्रस्ताव नं. ८ माथि छलफल गर्दा यस साँफेबगर नगरपालिका अन्तर्गत नगर शिक्षा समितिको मिति २०७९ साल असार ३० गते सम्पन्न बैठकको निर्णय अनुमोदन गर्ने सर्वसम्मत निर्णय पारित गरियो ।

निर्णय नं. ९

प्रस्ताव नं. ९ माथि छलफल गर्दा यस साँफेबगर नगरपालिका वडा नं. १४ पातलकोटमा अवस्थित कालिका मा.वि. लाई शैक्षिक सत्र २०७९/०८०देखि कक्षा ११ सञ्चालनको लागि अनुमती दिने सर्वसम्मत निर्णय पारित गरियो ।

निर्णय नं. १०

प्रस्ताव नं. १० माथि छलफल गर्दा यस साँफेबगर नगरपालिकाक्षेत्रभित्रका नदीनालाहरुबाट उत्खनन तथा निकासी हुने नदीजन्य पदार्थको उत्खनन कार्य प्राविधिक तथा वातावरणीय दृष्टिकोणले श्रावण र भाद्र मसान्त सम्म गर्न नहुने भएकोले उक्त

अवधिमा कोही कसैले सो कार्य गरेको पाईएमा तपसिल बमोजिम जरिवाना गरिने र सो कार्यमा आवश्यक सहयोग सहजीकरणका लागि इलाका प्रहरी कार्यालय साँफेबगरलाई अनुरोध गर्ने सर्वसम्मत निर्णय पारित गरियो ।
तपसिलः

टेक्टर प्रति ट्राली – रु. १,०००/-

टिप्पर प्रति ट्राली – रु. ३०००/-

निर्णय नं. ११

प्रस्ताव नं. ११ माथि छलफल गर्दा यस साँफेबगर नगरपालिका अन्तर्गत उर्जा क्षेत्र सँग सम्बन्धित आयोजना तथा कार्यक्रम सञ्चालनमा आवश्यक सहजीकरण गर्न तपसिल बमोजिम उर्जा विकास उप-समिति गठन गर्ने सर्वसम्मत निर्णय पारित गरियो ।
तपसिलः

मूख्य संरक्षक - नगर प्रमुख श्री राजेन्द्र बहादुर कुँवर
संरक्षक – नगर उप-प्रमुख श्री शिव बहादुर कुँवर
सल्लाहकार- प्र.प्र.अ. श्री लक्ष्मी प्रसाद शर्मा
विषयगत विज्ञ- इन्जिनियर श्री निराजन शाह
उर्जा विकास उप-समितिः
संयोजक – वडा अध्यक्ष वडा नं. ७ श्री हिक्मत कडायत
सदस्य – का.पा. सदस्य श्रीमती विष्णा कुँवर
सदस्य – वडा अध्यक्ष वडा नं. ४ श्री नवराज बुढा
सदस्य – वडा अध्यक्ष वडा नं. ८ श्री कालु सिंह कुँवर
सदस्य- गैसस प्रतिनिधी श्री अम्मर बहादुर थापा
सदस्य सचिव- प्राविधिक कर्मचारीश्री सरोज शाह

निर्णय नं. १२

प्रस्ताव नं. १२ माथि छलफल गर्दा यस साँफेबगर नगरपालिकाको आवश्यकता तथा औचित्यताको आधारमा तपसिल बमोजिमका विकास निर्माण आयोजनाहरु चालु आ.व.२०७९/८० मा निर्माण कार्य सञ्चालन हुनेगरी आवश्यक बजेट व्यवस्थापनका लागि नेपाल सरकार सहरी विकास मन्त्रालयमा माग गर्ने सर्वसम्मत निर्णय पारित गरियो ।
तपसिलः

१. साँफे हाटबजार देखी खप्तड जाने सडक निर्माण कार्य १५ करोड
२. हिमालय मा.वि.देखी विमकोट खोला सम्मको बाटो निर्माण १० करोड
३. जनकल्याण देखी एअरपोर्ट सम्मको बाटो निर्माण तथा स्तरोन्नती कार्य ६ करोड
४. एअरपोर्ट बचाउका लागि बुढीगंगा नदीमा आर.सि.सि. सहितको तटबन्धन कार्य ५० करोड
५. एअरपोर्ट बजार जीप पार्क निर्माण
६. एअरपोर्ट बजार भित्री सडक निर्माण
७. नगरपालिका कार्यालय परिसर घेरापर्खाल, पार्क, केन्टिन, गोदाम लगायतका अन्य संरचना निर्माण ।

निर्णय नं. १३

प्रस्ताव नं. १३ माथि छलफल गर्दा यस साँफेबगर नगरपालिकाको आवश्यकता तथा औचित्यताको आधारमासाँफे एअरपोर्ट बजार र साँफे हाट बजार जोड्ने कालभैरव मन्दिरको छेउबाट बुढीगंगा नदीमा पक्की पुल निर्माणको लागि सडक विभागमा माग गर्ने सर्वसम्मत निर्णय पारित गरियो ।